नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

## राष्ट्रिय खेलकुद सम्मानका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।३०**

यस मन्त्रालयको वार्षिक कार्यक्रम अनुसार खेलकुदका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका खेलाडी, प्रशिक्षक, निर्णायक वा रेफ्री, व्यवस्थापक वा खेल चिकित्सक वा फिजियोथेरापिष्ट, राष्ट्रिय खेलसंघ तथा खेल संस्था र प्रायोजकलाई राष्ट्रिय खेलकुद सम्मान प्रदान गर्ने कार्यक्रम रहेकोले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र **राष्ट्रिय खेलकुद सम्मान कार्यविधि, २०८०** को अनुसूची-१ बमोजिमका कागजातसहित आवेदन पेश गर्नुहुन वा खेलकुद प्रवर्द्धन शाखाको इमेल ठेगाना moyssports@gmail.com मा पठाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै कार्यविधिमा भएको व्यवस्था अनुसार गत विगत वर्षमा राष्ट्रिय खेलकुद सम्मान प्राप्त गरेकाहरूलाई मूल्याङ्कनमा सहभागी नगरिने व्यहोरा जानकारी गराइन्छ।

पुनश्च:

श्री राष्ट्रिय खेलकुद परिषद्: यो सूचना तहाँको वेबसाइटमा राख्नु हुन र सबै राष्ट्रिय खेलसंघहरूलाई समेत जानकारी गराउनुहुन।

# राष्ट्रिय खेलकुद सम्मान कार्यविधि, २०८०

**प्रस्तावाना:** खेलकुद क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका, खेलकुदका माध्यमबाट देशलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान गराउन विशेष योगदान पुऱ्याएका व्यक्ति र संस्थाहरुलाई अभिप्रेरित गर्न, उनीहरुमा रहेका प्रतिभा एवं सृजनशीलताको कदर गर्दै खेलसँग सम्बन्धित व्यक्ति र संस्थाहरुमा सकरात्मक मनोबल सहित अनुशासन कायम गर्न तथा सकारात्मक सोच एवं क्षमताको विकास गर्नको लागि प्रतिभाको सम्मान गर्दै छिटो छरितो मितव्ययी तथा पारदर्शीरुपबाट खेलकुद सम्मान कार्यक्रम सञ्चालन गर्न बाञ्छनिय भएकोले,

मन्त्रालयले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “राष्ट्रिय खेलकुद सम्मान कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अन्तर्राष्ट्रिय प्रतियोगिता" भन्नाले ओलम्पिक, एशियाली, दक्षिण एशियाली प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलसंघ, महासंघबाट आयोजित विश्वस्तरीय तथा क्षेत्रीय च्याम्पियनसिपलाई सम्झनुपर्छ ।

(ख) "खेल चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थामा खेलकुदका क्षेत्रमा खेलाडीलाई स्वास्थ्य सेवा उपलव्ध गराउन नियुक्त भएका प्रचलित कानून बमोजिम योग्यता पुगेका चिकित्सकलाई सम्झनुपर्छ ।

(ग) "खेल व्यवस्थापक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थामा खेलकुद प्रतियोगितामा व्यवस्थापकको भूमिका निर्वाह गर्न नियुक्त भएका व्यक्तिलाई सम्झनुपर्छ ।

(घ) "खेल संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको खेलकुद सम्बन्धि संस्था सम्झनुपर्छ।

(ङ) "खेलाडी" भन्नाले कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलकुद प्रतियोगितामा खेल्ने व्यक्ति सम्झनु पर्छ । सो शव्दले पारा र विशेष खेलाडी समेतलाई जनाउँदछ ।

(च) “निर्णायक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाबाट खेलकुद प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्न नियुक्त भएका व्यक्तिलाई सम्झनुपर्छ ।

(छ) “परिषद्” भन्नाले राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्दछ ।

(ज) “खेलकुद सम्मान” भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका खेलाडी, प्रशिक्षक, निर्णायक, खेलव्यवस्थापक, खेल चिकित्सक,

फिजियोथेरापिष्ट, खेलसंघ तथा खेलसँग सम्बन्धित संस्था र खेलकुदका क्षेत्रमा प्रयोजन गर्ने संस्था वा व्यक्तिलाई प्रदान गरिने राष्ट्रिय खेलकुद सम्मान सम्झनु पर्दछ ।

(झ) “प्रशिक्षक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाबाट खेलाडीलाई प्रशिक्षण गर्नका लागि नियुक्त भएका व्यक्तिलाई सम्झनुपर्छ।

(ञ) “प्रायोजक” भन्नाले कुनै पनि खेलकुद प्रतियोगितामा निःशुल्क रुपमा आर्थिक तथा भौतिक सहयोग गर्ने संस्था वा व्यक्तिलाई सम्झनुपर्छ ।

(ट) "फिजियोथेरापिष्ट" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थामा खेलाडीलाई स्वास्थ्य सेवा उपलव्ध गराउन नियुक्त भएका फिजियोथेरापिष्टलाई सम्झनुपर्छ ।

(ठ) “मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(ड) “राष्ट्रिय प्रतियोगिता" भन्नाले राष्ट्रिय खेलकुद परिषद्‌बाट आयोजना गरिएका राष्ट्रिय खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ ।

(ढ) “संघ” भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा २२ बमोजिम स्थापना भएका खेलसंघ सम्झनुपर्छ र सो शब्दले दफा २३ बमोजिमका राष्ट्रिय खेलसंघ वा महासंघ समेतलाई जनाउँदछ ।

## परिच्छेद-२
## खेलकुद सम्मानको छनौटको क्षेत्र र आधार

**३. खेलकुद सम्मानको क्षेत्रः** (१) मन्त्रालयले देहायका व्यक्ति, संघ तथा संस्थाहरुलाई राष्ट्रिय खेलकुद सम्मान प्रदान गर्न सक्नेछ ।

(क) खेलाडी

(ख) प्रशिक्षक

(ग) निर्णायक

(घ) खेल व्यवस्थापक

(ङ) खेल चिकित्सक

(च) फिजियोथेरापिष्ट

(छ) खेल संघ

(ज) खेलसँग सम्बन्धित संस्था

(झ) प्रायोजन गर्ने संस्था वा व्यक्ति

**४. छनौटका आधारः** खेलकुद सम्मान छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्।

**(१) खेलाडी छनौटका आधारहरुः**

(क) नेपालमा खेल क्षेत्रमा निरन्तर लागि रहेको सम्बन्धित निकायको प्रमाणित कागजात

(ख) राष्ट्रिय प्रतियोगितामा सहभागिता र प्राप्त पदक

(ग) अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता र प्राप्त पदक

**(२) प्रशिक्षक छनौटका आधारहरुः**

(क) सम्बन्धित क्षेत्रको कार्य अनुभव

(ख) सम्बन्धित क्षेत्रमा गरिएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्वन्धित खेलाडीले प्राप्त गरेको पदक

**(३) निर्णायक/रेफ्री छनोटका आधारहरूः**

(क) विगत वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षण वा तालिममा सहभागिता

**(४) खेल चिकित्सक छनौटका आधारहरुः**

(क) चिकित्सा विधाको शैक्षिक योग्यता

(ख) खेलकुदको क्षेत्रमा चिकित्सकको रुपमा कार्य अनुभव

(ग) खेलकुदसँग सम्वन्धित चिकित्सा विषयको तालिम

**(५) फिजियोथेरापिष्ट छनौटका आधारहरुः**

(क) फिजियोथेरापिष्ट विधाको शैक्षिक योग्यता

(ख) खेलकुदको क्षेत्रमा फिजियोथेरापिष्टको रुपमा गरेको कार्य अनुभव

(ग) खेलकुदसँग सम्वन्धित फिजियोथेरापिष्ट विषयको तालिम

**(६) खेल व्यवस्थापक छनौटका आधारहरुः**

(क) राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा भएका खेलकुद प्रतियोगितामा व्यपस्थापकको रुपमा सहभागिता

(ख) सम्वन्धित क्षेत्रको अनुभव

**(७) खेलसंघ छनौटका आधारहरुः**

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीले प्राप्त गरेका पदक

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना

(ग) खेल पूर्वाधार

(घ) प्रशिक्षक तथा निर्णायकको तालिम तथा उत्पादन

**(८) खेलसंस्था छनौटका आधारहरुः**

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना

(ख) प्राविधिक तथा निर्णायक जनशक्तिको अवस्था

(ग) खेल पूर्वाधारको अवस्था

**(९) प्रायोजन गर्ने संस्था वा व्यक्ति छनौटका आधारहरुः**

(क) खेलक्षेत्रमा हालसम्म प्रयोजन गरेको आर्थिक वा भौतिक वा दुवै सहयोग

(ख) राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा गरेको प्रायोजन संख्या

(ग) खेलाडीहरुलाई उपलव्ध गराएको रोजगार वा सामग्री सहयोग वा दुवै

## परिच्छेद-३

## छनौट प्रक्रिया

**५. छनौट प्रक्रिया:** (१) मन्त्रालयले विवरण संकलन गर्ने प्रयोजनका लागि खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिष्ट, संघ, खेल संस्था र प्रायोजकको जानकारीको निमित सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिष्ट, संघ, खेलसंस्था र प्रायोजकले खेलकुद सम्मान पुरस्कारको लागि निवेदन गर्न चाहेमा सोही सूचनामा उल्लेखित म्यादभित्र खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिष्ट भए अनुसूची -१ र संघ, खेलसंस्था र प्रायोजक भए अनुसूची -१ (क) मा उल्लेखित विवरणहरु खुलाई मन्त्रालयसमक्ष निवेदन दिन सक्नेछन्।

(३) नियम (३) र (४) बमोजिमका क्षेत्र र आधारमा अनुसूची-१ र १ (क) अनुसार प्राप्त भएका निवेदन तथा संम्लग्न विवरणहरू संकलन गरी राष्ट्रिय खेलकुद सम्मान पुरस्कार सम्बन्धमा सिफारिस गर्न मन्त्रालयले नियम (६) बमोजिमको राष्ट्रिय खेलकुद सम्मान छनौट समितिमा पठाउनेछ ।

**६. राष्ट्रिय खेलकुद सम्मान छनौट समितिको गठनः** (१) खेलकुद सम्मान पुरस्कार प्रदान गर्ने सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको राष्ट्रिय खेलकुद सम्मान छनौट समिति रहनेछः

(क) सचिव, युवा तथा खेलकुद मन्त्रालय -संयोजक

(ख) सह-सचिव, खेलकुद महाशाखा, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(ग) कार्यकारी निर्देशक, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय, त्रि.वि. -सदस्य

(घ) विभागीय प्रमुख, खेलकुद विकास विभाग, राष्ट्रिय खेलकुद परिषद् -सदस्य

(ङ) पदाधिकारी प्रतिनिधि, नेपाल ओलम्पिक कमिटि -सदस्य

(च) राष्ट्रिय खेलकुद संघबाट मन्त्रालयले तोकेको एक जना -सदस्य

(छ) शाखा प्रमुख, खेलकुद प्रवर्द्धन शाखा, युवा तथा खेलकुद मन्त्रालय -सदस्य सचिव

(२) राष्ट्रिय खेलकुद सम्मान छनौट समितिले राष्ट्रिय खेलकुद सम्मान गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भए देखि बाहेक अन्य कार्यविधि आफै निर्धारण गरे बमोजिम हुनेछ ।

(३) राष्ट्रिय खेलकुद सम्मान छनौट समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

(४) राष्ट्रिय खेलकुद सम्मान छनौट समितिले सम्बन्धित क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**७. मन्त्रालयमा सिफारिस गर्ने:** (१) राष्ट्रिय खेलकुद सम्मान छनौट समितिले नियम (४) मा उल्लेख भएका आधारमा अनुसूची-२ बमोजिम मूल्यौँकन गरी हरेक वर्ष कम्तीमा एक पारा वा विशेष खेलाडी सहित खेलाडी -६, प्रशिक्षक-१, निर्णायक वा रेफ्री-१, खेल व्यवस्थापक वा चिकित्सक वा फिजियोथेरापिष्ट-१ र खेलसंघ -१ गरी जम्मा १० क्षेत्रमा नगद तथा प्रमाणपत्र प्रदान गर्ने गरी सिफारिस गर्नु पर्नेछ ।

तर देहायका अवस्थामा आवेदनहरु मुल्याङ्कनमा समावेश गरिने छैन :

(क) अनुसूची-१ मा उल्लेखित दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरूमध्ये क्रम संख्या १, २ र ३ बमोजिमका कागजातहरु पेश नभएमा,

(ख) म्याद नाघी प्राप्त भएमा ।

(ग) यस भन्दा अघि राष्ट्रिय खेलकुद सम्मान पुरस्कार प्राप्त गरेको ।

(२) खेलसंस्था-२ वटा र प्रायोजक -२ वटालाई प्रशंसा पत्र प्रदान गर्ने प्रयोजनका लागि प्राप्त निवेदन र सम्लग्न कागजातको आधारमा समितिले प्रशंसा पत्रको लागि सिफारिस गर्न सक्नेछ।

स्पष्टिकरण: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि खेलसंस्था वा प्रायोजकबाट आवेदन प्राप्त नभए पनि खेलकुद क्षेत्रमा पुर्याएको योगदानको मूल्याकन गरी समितिले मन्त्रालयमा सिफारिस गर्न सक्नेछ ।

(३) छनौट समितिबाट मन्त्रालयमा सिफारिस प्राप्त भए पछि सिफारिस गरिएका नामका सम्वन्धमा सरोकारवालाहरुको गुनासो भए उजुरी गर्ने प्रयोजनको लागि ७ दिन भित्र उजुरी गर्न सकिने गरी सिफारिस गरिएका नाम मन्त्रालयको वेवसाइटमा सार्वजानिक गरिने छ ।

(४) दफा (३) बमोजिम उजुरी नपरे साविक अनुसार र उजुरी परेमा समितिले उजुरी उपर छानविन गरेर अन्तिम निर्णय गरी पुन: मन्त्रालयमा पेश गर्ने छ ।

८. **राष्ट्रिय खेलकुद सम्मान प्रदान गर्नेः** मन्त्रालयले राष्ट्रिय खेलकुद सम्मान छनौट समितिबाट सिफारिस भएका खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिष्ट, संघ, खेलसंस्था र प्रयोजकहरुलाई प्रत्येक वर्ष विशेष समारोह आयोजना गरी राष्ट्रिय खेलकुद सम्मान गर्नेछ।

९. **राष्ट्रिय खेलकुद सम्मानको पुरस्कारको राशीः** राष्ट्रिय खेलकुद सम्मान पुरस्कारको राशी एक लाखको हुनेछ ।

## परिच्छेद-४

## विविध

१०. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधिको प्रयोगमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचिलत कानून बमोजिम हुनेछ ।

**अनुसुचि-१**
**(नियम ५ को उपनियम २ सँग सम्बन्धित)**

**राष्ट्रिय खेलकुद सम्मानको लागि मन्त्रालयमा दिइने निवेदन ढाँचा**
**(खेलाडी, प्रशिक्षक, निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, फिजियोथेरापिष्टको लागि)**

श्रीमान् सचिवज्यू,
युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

विषयः राष्ट्रिय खेलकुद सम्मान २०....... द्वारा सम्मानित गरी पाऊँ ।

महोदय,
युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति.......................... मा ..........प्रकाशित सार्वजनिक सूचना अनुसार यस आर्थिक वर्षमा सम्मानित गरिने राष्ट्रिय खेलकुद सम्मानबाट सम्मानित गरी पाउँ भनी तपसिल बमोजिमका विवरण र कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

१. नाम, थरः
२. ठेगानाः
स्थायी ठेगानाः प्रदेश....................................जिल्लाः...........................
गा.पा./न.पा.....................................वडानं............................टोलः...............
सम्पर्क न
.कार्यालयः..........................................आवासः..........................................
मोबाइलः........................................................इमेल............................
३.विधा:
४. लिङ्गः पुरुष/स्त्री/तेश्रो लिङ्गी
५. जन्म मितिः
वि.सं....................................................ई.सं...........................................
६. नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर र नागरिकता जारी भएको मिति र जिल्लाः...................
७. बाबुको नामः.....................................
८. आमाको नामः....................................
९. अपाङ्गता भए सो को किसिम: ..........................
१०. पान नं.:
११. उपनियम ४ मा उल्लेख भएको छनोटका आधार खुल्ने विवरण: ....................... (छुट्टै पानामा पनि स्वयं प्रमाणित गरी राख्न सकिने छ )

मैले विगत वर्षमा खेलकुद सम्मान पुरस्कार प्राप्त गरेको छैन । कानून बमोजिम कसुर ठहरिने कुनै कार्य गरेको छैन । माथि उल्लेखित विवरण ठिक साँचो हो। झुठ्ठा ठहरिएका आधारमा मेरो आवेदन बदर भए म कुनै किसिमको उजुर गर्ने छैन ।

| दाँया | बाँया |
|---|---|
| | |

दस्तखत
नाम-
मिति-

**निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरू :**

निवेदनको साथमा तल उल्लेखित कागजातहरु सिलसिलेवार रूपमा संलग्न गर्नु पर्नेछ ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि ।

२. सम्बन्धित अधिकारप्राप्त निकायबाट अनुशासनको कारवाही नभएको पुष्ट्याइ खुल्ने कागजात।

३. हाल सम्म निजको नाममा आर्थिक अनुशासन कायम भएको/बेरुजु नभएको सम्वन्धित अधिकारप्राप्त निकायबाट पुष्ट्याइ खुल्ने कागजात ।

४. अन्य थप कागजातहरू:

**क. खेलाडीको हकमा**

१. नेपालमा खेल क्षेत्रमा निरन्तर लागि रहेको सम्बन्धित निकायको प्रमाणित कागजात

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता भएका प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपिहरु ।

३. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त प्रमाणपत्रहरुको स्वयं प्रमाणित प्रतिलिपिहरु ।

४. खेलकुद सम्मानको लागि सम्बन्धित राष्ट्रिय खेल संघको सिफारिस ।

स्पष्टिकरण: पदक प्राप्त खेलाडीले सहभागी भएको छुट्टै कागजात पेश गर्नु पर्ने छैन ।

**ख. प्रशिक्षकको हकमा**

१. सम्बन्धित निकायबाट दिइएको नियुक्ति पत्रको छाँयाप्रति ।

२. सम्बन्धित निकायबाट दिइएको कार्य अनुभवको अवधि खुल्ने कागजात ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लिएको तालिमको स्वयं प्रमाणित प्रतिलिपिहरु ।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा निजले प्रशिक्षण गरेको खेलमा सम्वन्धित खेलाडीले प्राप्त गरेको पदक खुल्ने सम्वन्धित संघबाट प्रमाणित कागजात ।

**ग. निर्णायकको हकमा**

१. विगत वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिकामा सहभागीता भएको खुल्ने सम्वम्धित निकायबाट प्रमाणित काजगातहरु ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लिएको तालिम प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपिहरु ।

**घ. खेल चिकित्सक/फिजियोथेरापिष्टको हकमा**

क. चिककित्सा विधाको शैक्षिक योग्यताको स्वयं प्रमाणित प्रतिलिपिहरु ।

ख. खेलकुदको क्षेत्रमा चिकित्सकको रुपमा कार्य अनुभव खुल्ने कागजात ।

ग. खेलकुदसँग सम्वन्धित चिकित्सा विषयको तालिमका स्वयं प्रमाणित प्रतिलिपिहरु ।

**ङ. खेल व्यवस्थापकको हकमा**

१. विगत वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा व्यवस्थापकको भूमिकामा सहभागीता भएको स्वयं प्रमाणित प्रतिलिपिहरु ।

२. सम्बन्धित निकायबाट प्रमाणित गरिएको कार्य अनुभवको अवधि खुल्ने कागजात ।

**अनुसुचि-१(क)**

**(नियम ५ को उपनियम २ सँग सम्बन्धित)**

**राष्ट्रिय खेलकुद सम्मानको लागि मन्त्रालयमा दिइने निवेदन ढाँचा**

**(संघ, खेल संस्था र प्रायोजकको लागि)**

श्रीमान् सचिवज्यू,

युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

विषयः राष्ट्रिय खेलकुद सम्मान २०......... द्वारा सम्मानित गरी पाऊँ ।

महोदय,

युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति.......................... मा प्रकाशित सार्वजनिक सूचना अनुसार यस आर्थिक वर्षमा सम्मानित गरिने राष्ट्रिय खेलकुद सम्मानबाट सम्मानित गरी पाउँ भनी तपसिल बमोजिमका विवरण र कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

१. संघ/खेलसंस्था/प्रायोजकको नामः- .................................

२. ठेगानाः- .................................

३. स्थापना मितिः- .................................

४. दर्ता नं. र दर्ता गरिएको निकायः- .................................

५. पान नं.:-

६. नवीकरण मिति:-

७. लेखापरीक्षण भएको अघिल्ला २ आर्थिक वर्षः- .................................

८. उपनियम ४ मा उल्लेख भएको छनोटका आधार खुल्ने विवरण:............ (छुट्टै पानामा पनि स्वयं प्रमाणित गरी राख्न सकिने छ ।)

यो संस्था प्रचलित कानून अनुसार अध्यावधिक रहेको स्व:घोषणा गर्दछु । विगत वर्षमा यो सम्मान प्राप्त गरेको छैन । माथि उल्लेखित विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएका आधारमा मेरो आवेदन बदर भए कुनै किसिमको उजुर गर्ने छैन ।

| |
|---|
| **संस्थाको छाप** |

हस्ताक्षरः- .................................

नामथरः- .................................

पदः- .................................

ठेगानाः- .................................

मितिः- .................................

**नोट** : दरखास्तको साथमा तल उल्लेखित कागजातहरु सिलसिलेवार रूपमा संलग्न गर्नु पर्नेछ ।

**क. खेलसंघको हकमा**

१. संस्था दर्ता, नवीकरण र लेखापरीक्षण प्रमाणित प्रतिलिपिहरु ।
२. सम्बन्धित अधिकारप्राप्त निकायबाट वर्तमान समयमा कुनै प्रकारको कारवाही नभएको विवरण खुल्ने कागजात ।
३. हालसम्म पेश्की फर्छ्यौट गर्न बाँकी नभएको सम्वन्धित अधिकारप्राप्त निकायबाट पुष्ट्याइ खुल्ने कागजात ।
४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त उपाधिका प्रमाणपत्रका स्वयं प्रमाणित प्रतिलिपि ।
५. अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएको विवरण खुल्ने परिषद्बाट प्रमाणित कागजात ।
६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरेको विवरण खुल्ने परिषद्बाट प्रमाणित कागजात ।
७. भौतिक पूर्वाधारको विवरण खुल्ने परिषद्बाट प्रमाणित कागजात ।
८. संघबाट उत्पादित प्रशिक्षक तथा निर्णायकको संख्या खुल्ने प्रमाणित कागजात ।
९. प्रशिक्षक तथा निर्णायकलाई दिइएको तालिम खुल्ने प्रमाणित कागजात ।

**ख. खेलसंस्थाको हकमा**

१. खेलसंस्थाले आयोजना गरेका प्रतियोगिताका विवरण खुल्ने स्वयं प्रमाणित गरेको कागजात ।
२. प्राविधिक तथा निर्णायक जनशक्तिको संख्या खुल्ने स्वयं प्रमाणित कागजात ।
३. खेल पूर्वाधारको विवरण खुल्ने स्वयं प्रमाणित कागजात ।

**ग. प्रायोजनको हकमा**

१. खेलक्षेत्रमा हालसम्म प्रयोजन गरेको आर्थिक तथा भौतिक सहयोगको पुष्ट्याई खुल्ने कागजातहरु ।
२. खेलाडीहरुलाई रोजगार, सामग्री सहयोग उपलव्ध गराएको भए सो को पुष्ट्याई खुल्ने विवरण ।
३. प्रायोजन गरे बापत प्राप्त गरेको पदक, प्रशंसापत्र आदि ।

## अनुसुचि-२
## नियम ६ को उपनियम (१) सँग सम्बन्धित
## युवा तथा खेलकुद मन्त्रालय
## सिंहदरबार, काठमाडौ
## राष्ट्रिय खेलकुद सम्मानका लागि खेलाडीको मूल्यांकन फाराम

| सि.नं | खेलाडीको नाम,थर र ठेगाना | खेल विधा | मूल्याङ्कनका आधारहरु (पूर्णाङ्क ५०) | | | | | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | (१) नेपालमा खेलकुदको निरन्तरता | (२) राष्ट्रिय प्रतियोगितामा सहभागिता | (३) राष्ट्रिय प्रतियोगितामा प्राप्त पदक | (४) अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता | (५) अन्तराष्ट्रिय प्रतियोगितामा प्राप्त पदक | | | |
| | | | ४ | ६ | १२ | ८ | २० | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

(१) नेपालमा खेल क्षेत्रमा निरन्तर लागि रहेको भए ४ अङ्क ।

(२) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भए बापत प्रति सहभागिता ३ अंकका दरले बढिमा ६ अङ्क ।

(३) राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदकका लागि प्रति पदक ३ अंकका दरले बढिमा १२ अङ्क, रजत पदकका लागि प्रति पदक २.५ का दरले बढीमा १० अङ्क र कास्य पदकका लागि प्रति पदक २ अंकका दरले ८ अङ्क । (यस प्रयोजनका लागि बढीमा १२ अकमात्र प्रदान गरिने छ ।)

(४) अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि ओलम्पिकमा सहभागी भए बापत अक ८ अङ्क, एशियन ७ अङ्क, world championship ६ अङ्क, Asian championship मा ५ अङ्क, SAG मा ४ अङ्क, SAG championship मा ४ अङ्क गरी अधिकतम ८ अक ।

(५) ओलम्पिकका हकमा स्वर्ण पदकका लागि २० अङ्क, रजतका लागि १९ अङ्क र कास्यका लागि १८ अङ्क, एशियन खेल प्रतियोगिताका हकमा स्वर्ण पदकका लागि १८ अङ्क, रजतका लागि १७ अङ्क र कास्यका लागि १६ अङ्क, world championship को हकमा स्वर्णका लागि १८ अङ्क, रजतका लागि १७ अङ्क र कास्यका लागि १६ अङ्क, एशियन च्याम्पियनसिप (क्रिकेट समेत) मा स्वर्णका लागि १६ अङ्क, रजतका लागि १५ अङ्क र कास्यका लागि अकं १४ अङ्क, SAG मा स्वर्ण पदकका लागि १६ अङ्क, रजतका लागि १४ अङ्क र कास्यका लागि १२ अङ्क, SAG च्याम्पियनसिपमा स्वर्ण पदकका लागि १० अङ्क, रजतका लागि ८ अङ्क र कास्यका लागि ६ अङ्क गरी अधिकतम २० अंक ।

**अनुसूचि-२**
**(खण्ड क)**
**नियम ६ को उपनियम (१) सँग सम्बन्धित**
**युवा तथा खेलकुद मन्त्रालय**
**सिंहदरबार, काठमाडौं ।**
**राष्ट्रिय खेलकुद सम्मानका लागि प्रशिक्षकको मूल्याङ्कन फाराम**

| सि.नं. | आवेदकको नाम, थर | ठेगाना | मूल्याङ्कनका आधारहरु (पूर्णाङ्क ५०) | | | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | (१) सम्बन्धित क्षेत्रको कार्य अनुभव | (२) सम्बन्धित क्षेत्रको तालिम | (३) सम्वन्धित खेलाडीले प्राप्त गरेको पदक | | | |
| | | | २० | १० | २० | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

(१) सम्वन्धित खेलमा प्रशिक्षकको रुपमा कार्य अनुभव बापत परिषद्को प्रशिक्षक भए प्रति वर्ष ५ अंकका दरले बढीमा २० अकं, संघको भए प्रति वर्ष ४ अंकका दरले बढीमा २० अकं र सम्वन्धित संस्थाको भए प्रति वर्ष २ अंकका दरले बढीमा २० अंकका दरले गरी अधिकतम २० अंक ।

(२) प्रशिक्षकको राष्ट्रिय तालिम लिएको भए प्रति तालिम २ अंकका दरले बढीमा ४ अंक र अन्तर्राष्ट्रिय तालिम लिएको भए प्रति तालिम ३ अंकका दरले अधिकतम ६ अंक ।

(३) राष्ट्रिय प्रतियोगितामा सम्वन्धित खेलाडीहरूले प्राप्त गरेको स्वर्ण पदक बापत प्रति स्वर्ण ३ अंकका दरले वढीमा ६ अंक तथा अन्तर्राष्ट्रिय प्रतियोगिता मध्ये ओलम्पिकमा कुनै पदक बापत वढीमा १४ अंक, एसियनमा कुनै पदक बापत वढीमा १२ अंक, दक्षिण एसियाली प्रतियोगितामा स्वर्ण पदक बापत वढीमा १२ अंक, रजत पदक बापत वढीमा १० अंक र कास्य पदक बापत वढीमा ८ अंकका दरले अधिकतम १४ अंक ।

**अनुसूची-२**

**(खण्ड ख)**

**नियम ६ को उपनियम (१) सँग सम्बन्धित**

**युवा तथा खेलकुद मन्त्रालय**

**सिंहदरबार, काठमाडौं ।**

**राष्ट्रिय खेलकुद सम्मानका लागि निर्णाणक⁄रेफ्रीको मूल्याङ्कन फारम**

| सि.नं | आवेदक को नाम, थर | ठेगाना | खेल विधा | मूल्याङ्कनका आधारहरु (पूर्णङ्क ५०) | | | | | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सहभागीता | | तालिम | | (४) निर्णायक को श्रेणी | | | |
| | | | | (१) राष्ट्रिय प्रतियोतिता मा सहभागिता | (२) अन्तर्राष्ट्रिय प्रतियोतितामा सहभागिता | (३) राष्ट्रिय स्तरका प्रशिक्षण÷तालिम | (४) बैदेशिक प्रशिक्षण⁄तालिम मा सहभागिता | | | | |
| | | | | ८ | १२ | ८ | १२ | १० | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |

(१) राष्ट्रिय प्रतियोगितामा निर्णा्यकको भूमिका निर्वाह गरेको भए प्रति वर्ष २ अकंका दरले अधिकतम ८ अकं ।

(२) अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरेको भए प्रति वर्ष ३ अकंका दरले अधिकतम १२ अकं ।

(३) राष्ट्रिय स्तरका तालिममा सहभागी भए बापत प्रति तालिम २ अंकका दरले अधिकतम ८ अंक ।

(४) अन्तर्राष्ट्रियस्तरका तालिममा सहभागी भए बापत प्रति तालिम ४ अंकका दरले अधिकतम १२ अंक ।

(५) अन्तर्राष्ट्रिय स्तरको निर्णायकको श्रेणी बापत १० अंक र राष्ट्रिय स्तरको श्रेणी बापत ६ अंकका दरले अधिकतम १० अंक ।

**अनुसूचि-२**
**(खण्ड ग)**
**नियम ६ को उपनियम (१) सँग सम्बन्धित**
**युवा तथा खेलकुद मन्त्रालय**
**सिंहदरबार, काठमाडौं ।**
**राष्ट्रिय खेलकुद सम्मानका लागि खेल चिकित्सक/फिजियोथेरापिष्टको मूल्याङ्कन फाराम**

| सि. नं | आवेदकको नाम, थर | ठेगाना | मूल्याङ्कनका आधारहरु (पूर्णाङ्क ५०) | | | जम्मा प्राप्त अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | (१) चिकित्सा विधाको शैक्षिक योग्यता | (२) खेलकुदको क्षेत्रमा चिकित्सकको रुपमा कार्य अनुभव | (३) खेलकुदसँग सम्वन्धित चिकित्सा विषयको तालिम | | |
| | | | १० | २० | २० | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

(१) चिकित्सा/फिजियो विधाको स्नातक भए ८ अंक र स्नाकोत्तर भए १० अंक ।

(२) खेलकुदको क्षेत्रमा चिकित्सक/फिजियोको रुपमा कार्य अनुभव बापत प्रति वर्ष २ अंकका दरले अधिकतम २० अंक ।

(३) खेलकुदसँग सम्वन्धित चिकित्सा/फिजियो विषयको तालिम बापत प्रति तालिम ५ अंकका दरले अधिकतम २० अंक ।

**अनुसूचि-२**
**(खण्ड घ)**
**नियम ६ को उपनियम (१) सँग सम्बन्धित**
**युवा तथा खेलकुद मन्त्रालय**
**सिंहदरबार, काठमाडौं ।**
**राष्ट्रिय खेलकुद सम्मानका लागि व्यवस्थापकको मूल्याङ्कन फाराम**

| सि.नं | आवेदक सिफारिस भएको नाम थर | ठेगाना | मूल्याङ्कनका आधारहरु (पूर्णाङ्क ५०) | | | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | (१) राष्ट्रिय प्रतियोगितामा व्यपस्थापकको रुपमा सहभागिता | (२) अन्तर्राष्ट्रिय प्रतियोगितामा व्यपस्थापकको रुपमा सहभागिता | सम्वन्धित क्षेत्रको अनुभव | | | |
| | | | १० | २० | २० | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

(१) राष्ट्रिय प्रतियोगितामा व्यवस्थापकको भूमिका निर्वाह गरेको भए प्रति प्रतियोगिता २.५ अकंका दरले अधिकतम १० अकं ।

(२) अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा व्यवस्थापकको भूमिका निर्वाह गरे बापत ओलम्पिकमा भए प्रति प्रतियोगिता १० अकंका दरले बढीमा २० अकं, एशियनमा भए प्रति प्रतियोगिता ८ अकंका दरले बढीमा १६ अकं, दक्षिण एशियालीमा भए प्रति प्रतियोगिता ६ अकंका दरले अधिकतम १२ अकंका दरले अधिकतम २० अंक ।

(३) सम्वन्धित खेलमा विगत ५ वर्ष देखि व्यवस्थापकको भूमिका निर्वाह गरेको भए प्रति वर्ष ४ अकंका दरले अधिकतम २० अकं ।

अनुसुचि-२

(खण्ड ङ)

नियम ६ को उपनियम १ सँग सम्बन्धित

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौ

राष्ट्रिय खेलकुद सम्मानका लागि राष्ट्रिय खेल संघको मूल्यांकन फाराम

| सि.नं. | आवेदकको नाम थर | ठेगाना | मूल्याङ्कनका आधारहरु (पूर्णाङ्क ५०) | | | | जम्मा प्राप्त अंक | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | (१) खेलाडीले प्राप्त गरेका पदक | (२) खेलकुद प्रतियोगितामा सहभागिता तथा आयोजना | (३) खेल पूर्वाधारको अवस्था | (४) तालिम तथा उत्पादन | | | |
| | | | १० | २० | १० | १० | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

(१)अन्तर्राष्ट्रिय प्रतियोगिता मध्ये ओलम्पिकमा सघसँग सम्वन्धित खेलाडीले कुनै पदक प्राप्त गरे बापत बढीमा १० अंक, एसियनमा कुनै पदक बापत बढीमा ८ अंक, दक्षिण एसियाली प्रतियोगितामा स्वर्ण पदक बापत बढीमा ६ अंक, रजत पदक बापत वढीमा ५ अंक, र कास्य पदक बापत बढीमा ४ अंकका दरले अधिकतम १० अंक ।

(२) अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भए बापत ओलम्पिकमा भए ८ अंक, एशियनमा भए ६ अंक, सागमा भए ४ अंक गरी बढीमा १० अङ्क र अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरे बापत प्रति आयोजना ५ अङ्कका दरले वढीमा १० अङ्क ।

(३) सम्वन्धित खेलको तोकिएको मापदण्ड अनुसारको खेल पूर्वाधार भए १० अंक ।

(४) प्रशिक्षक र निर्णायकहरुको राष्ट्रिय तालिम बापत प्रति तालिम हरेकको १/१ अंकका दरले बढीमा २ अंक, अन्तर्राष्ट्रिय तालिम बापत प्रति तालिम हरेकको २/२ अंकका दरले बढीमा ४ अंक तथा राष्ट्रिय प्रशिक्षक र निर्णायक उत्पादन गरे प्रत्येकको २/२ अंकका दरले बढीमा ४ अंक ।